बैठक संख्या : २६ स्थान : राप्ती न.पा. वडा नं. ७ को सभाहल

मिती : २०७५।०२।०९ गते समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

**आमन्त्रित** : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रस्तावहरु**

१. वडागत रुममा प्रगति समीक्षा सम्बन्धमा ।
२. तेस्रो नगरसभा संचालन र व्यवस्थापन सम्बन्धमा ।
   १. नीति तथा कार्यक्रम तयार गर्ने सम्बन्धमा ।
   २. बजेट सीमा तर्जुमा तथा सीमा निर्धारण गरी पठाउने सम्बन्धमा ।
   ३. योजना संकलन र प्राथामिकता निर्धारण सम्बन्धमा ।
   ४.नगर सभा व्यवस्थापन सम्बन्धमा ।
   ५. नगरसभा तयारी सम्बन्धी कार्य तालिका सम्बन्धमा ।
३. लागत सहभागिता ६०% र ४०% का योजना संचालन सम्बन्धमा ।
४. पत्रकार सम्मेलन मार्फत हाल सम्मका कार्यको जानकारी दिने सम्बन्धमा ।
५. योजना तर्जुमा पूर्व तयारी गोष्ठी संचालन सम्बन्धमा ।
६. साना योजनाको माग सम्बन्धमा ।
७. कार्यक्रम संचालन सहयोग माग सम्बन्धमा ।
८. राजस्व प्रक्षेपण सम्बन्धी गोष्ठी/अन्तरक्रिया सम्बन्धमा ।
९. नगरको सरसफाईको लागि सिन्धु विकास केन्द्र सँग गरिएको सम्झौता अनुमोदन सम्बन्धमा ।
१०. विविध ।

## निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. ०७४।७५ मा राप्ती नगरपालकिाबाट संचालन भएका योजना तथा कार्यक्रमको बारेमा सबै वडाहरुबाट वडा अध्यक्षले वडागत योजनाको कार्यप्रगति र गर्न बाँकी कार्यक्रमहरु बारे विस्तृत रुपमा प्रस्तुत भयो । योजना सम्झौता हुन खासै बाँकी नरहेको काम सन्तोषजनक रुपमा भएको अनुगमन समितिबाट र वडा अध्यक्ष स्वयमबाट समेत योजनाहरु अनुगमन गरिएको योजनाको गुणस्तरमा कुनै कमी नरहेको भन्ने पाइयो । तथापि काम सम्पन्न भइ नगरपालिकामा भुक्तानीको लागि पठाइएका योजनामा प्राविधिक पुग्न बाँकी रहेकोले कामको नापजाँच तथा मूल्याङ्नको लागि शिघ्र प्राविधिक पठाई दिन नगरपालिका कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९.१ बमोजिम नगर सभाको बैठक मिति २०७५।०३।०९ गते राप्ती-२ सेमाउल सामुदायिक भवन पिप्लेमा उद्घाटन सत्र संचालन गर्ने गरी सोही ऐनको दफा १९.२ बमोजिम प्रमुखले तेस्रो नगर सभाको बैठक बोलाउने निर्णय गरियो ।

१. नगरसभामा पेश गरिने नीति तथा कार्यक्रम र बजेट बक्तव्य समेत तयार गर्न विषयगत समितिले सम्बन्धित सरोकारबाला तथा विज्ञहरुको समेत राय लिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने निर्णय गरियो ।
२. बजेट तर्जुमा तथा सीमा निर्धारण समितिले मिति २०७५।०२।१७ गते भित्र सीमा निर्धारण गरी वडा र शाखाहरुमा पठाउने निर्णय गरियो ।
३. नगरसभामा पेश गरिने योजना तथा कार्यक्रमहरुलाई टोल बस्ती स्तरबाट नं. प्राथामिकता निर्धारण गरी संकलन गर्न व्यापक रुपमा प्रचार प्रसार गर्ने र वडाले आफ्नो वडाको टोल बस्तीको निश्चित क्षेत्र तोकी पायक पर्ने स्थानमा सबै वर्ग र समुदायको उपस्थिति हुने व्यवस्था मिलाउने र सो स्थानको लागि योजना संकलन कार्यको संयोजन गर्न वडा समिति सदस्यहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

४. निर्णय नं. २ बमोजिम संचालन हुने तेस्रो नगर सभाको बैठककव व्यवस्थापन कार्यको लागि देहाय बमोजिम समिति गठान गरी जिम्मेवारी दिने निर्णय गरियो ।

१. वडा अध्यक्ष श्री श्याम सुन्दर उप्रेती संयोजक

२. वडा अध्यक्ष श्री सिद्धिलाल स्याङतान सदस्य

३. वडा अध्यक्ष श्री राज कुमार उप्रेती सदस्य

४. कार्यपालिका सदस्य श्री कविता राई सदस्य

५. नगर सभाको बैठकको पूर्व तयारी स्वरुप गर्नुपर्ने विभिन्न चरणमा बैठकहरुलाई व्यवस्थित गराउन देहायको कार्यतालिका बमोजिम कार्य अनिवार्य रुपमा गर्ने गराउने निर्णय गरियो ।

## तेस्रो नगर सभा बैठक तयारी सम्बन्धी कार्यक्रम तालिकका

| सि.नं. | कार्यक्रम/बैठक | मिति |
|---|---|---|
| १ | संघीय सरकारबाट बजेट सिलिङ पत्र | प्राप्त |
| २ | प्रदेश सरकारबाट बजेट सिलिङ | प्राप्त हुन बाँकी |
| ३ | राजस्व परामर्श समितिको बैठक | २०७५ जेठ ११ |
| ४ | पूर्व योजना तर्जुमा गोष्ठी | २०७६ जेठ १२ |
| ५ | बजेट तर्जुमा तथा सीमा निर्धारण समितिको बैठक | २०७६ जेठ १३ |
| ६ | बस्ती/टोल स्तरबाट योजना संकलन | २०७७ जेठ १६-२० |
| ७ | वडा समितिबाट योजनाको छनौट तथा प्राथामिकिरण नगरपालिकामा पेश गर्ने | २०७५ जेठ २५ |
| ८ | बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट निर्णय विषयगत समिति वा निर्णय विषयगत समितिहरुमा छलफल समेत | २०७५ असार ३ |
| ९ | विषयगत समिति र सरोकारवाला विचको छलफल | २०७५ जेठ २६-३० |
| १० | बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट निर्णय सहित नगर कार्यपालिकामा पेश गर्ने | २०७५ असार ४ |
| ११ | कार्यपालकाबाट निर्णय | २०७५ असार ७ |
| १२ | नगर सभामा प्रस्तुत | |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राप्ती नगरपालिकामा आ.व. ०७३।७४ को बजेट तथा मौज्दात रहन आएको करिव ६० लाख रकमबाट सडक कालोपत्रे, ढलान, मोजायक टायल पुल ढलान आदि कार्य गर्न ७० प्रतिशत नगरपालिका र ३० प्रतिशत नगद उपभोक्ताबाट लागत सहभाागिता जुटाई २०७५ आषाढ २० गते भित्र कार्य सम्पन्न गर्न सक्ने गरी कुल १० लाख देखी ३० लाख सम्मका योजना संचालन गर्न इच्छुक उपभोक्ता समुह समितिसँग नगर लागत सहभागिताका बैंक भौचर र वडा कार्यालयको सिफारिस सहित यहि जेठ १५ गते भित्र निवेदन दिन सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

राप्ती नगरपालिकाबाट चालु आ.व. मा संचालन गरिएका योजना तथा कार्यक्रम र सम्पादित कामका बारेमा जानकारी गराउन मिति २०७५।०२।१५ गते विहान ८ बजे ७ नं. वडा कार्यालय भवनमा पत्रकार सम्मेलन गर्ने र सो कार्यक्रममा कार्यपालिकामा सबै सदस्य सहभागि हुने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा तेस्रो नगरसभामा पेश गर्ने योजना तथा कार्यक्रमको बारेका नगर सभाका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउने उदेश्यले मिति २०७५।०२।१२ गते शनिबार, विरेन्द्रनगरमा योजना तर्जुमा पूर्व तयारी गोष्ठी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगर वस्तीबाट प्राप्त विभिन्न प्रकारका स-सना योजनाको मागलाई सम्बोधन गर्न सम्बन्धित वडाका वडा अध्यक्ष समेतबाट स्थलगत निरिक्षण गरी अति आवश्यक देखिएका योजना संचालन गर्ने निर्णय गरियो

१. पिप्ले पर्सा आधारभुत विद्यालय र धमौरा आधारभुत विद्यालयको लागि १०००। लि. ट्याङ्की
२. बुद्धशान्ति मा.वि.खानेपानी व्यवस्थापन रु १,००,०००।
३. लालपूर पुल संरक्षण राप्ती ८ थप रकम रु ३,००,०००।
४. बाटो मर्मत विभिन्न स्थान रु ३,००,०००।
५. खानेपानी पाइप माग अनुसार रु ५,००,०००।
६. उपभोक्ताले जडान सम्बन्धि काम गर्नेगरी हेण्डपम्प खरिद रु ३,५०,०००।
७. राप्ती ८ वडहरा स्थित नव उद्यम दुग्ध सहकारी संस्थाको चिस्यान केन्द्रको लागि कृषि तर्फको कार्यक्रमबाट रु २,५०,०००।
८. दैत्य कुलो मर्मत रु ५०,०००।
९. थाकलटार आवसिय विद्यालयको छात्रावासका लागी खटिया तथा फर्निचर उपलब्ध गराउन रु २०००००।
१०. दुविचौर सिंचाई योजना रु १०००००।

**निर्णय नं. ७**

विभिन्न कार्यक्रम संचालन गर्न प्राप्त भएका प्रस्तावहरुमा सम्बन्धमा छलफल हुदा देहायमा कार्य संचालन गर्ने निर्णय गरियो ।

१. राप्ती नगरपालिकामा मेलमिलाप कर्ताको लागि ४८ घण्टे तालिम संचालन गर्न प्रस्ताव बमाजिम कार्यक्रम शिर्षकबाट लागत रु४९६७००।

२. एकल महिलाको लागि संचेतना कार्यक्रम राप्ती १ पिप्ले रु ३००००। मात्र

३. नेपाल कुखुरा पालक किसान संघबाट संचालन गरिने अभिमूखीकरण तथा वातावरण सम्बन्धि कार्यक्रम संचालनको लागि रु ३००००।

४. स्काउट कार्यक्रम संचालनको लागि रु १५०००।

५. स्मरण शक्ति अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्न रु १०००००।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नगरपालिकाको आफ्नो कार्य क्षेत्र भित्र लगाउदा सक्ने कर दस्तुर ठेक्का आदिबाट के कति राजस्व उठाउन सकिन्छ सो सम्बन्धमा विज्ञद्धारा राजस्व सुधार योजना प्रतिवेदन तयार गर्ने कार्यको लागि कार्यालयले बजेटको व्यवस्था गरी मिति २०७५।०२।१० गते एवं अन्तरक्रिया कार्यक्रम संचालन गर्ने र सो कार्यक्रममा कार्यपालिका सबै सदस्यहरु सहभागि हुने निर्णय गरियो ।

**निर्णय नं. ९**

नगरको सरसफाईको लागि बन बातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय अनुसार कार्यालयले सिन्धु विकास केन्द्रसँग मिति २०७५।०२।०२ मा गरेको सम्झौताको जानकारी भयो र सो सम्झौतालाई अनुमोदन गरी सबै वडामा कार्यान्वयन गर्न सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

विविध विषयमा छलफल गर्दा पुरानो नक्सा पासको लागी पहिलेको छुटको रेटमा मिति २०७५।०२।१५ देखी जेठ मसान्त सम्मको लागी छुटको सेवा प्रदान गर्नका लागी सूचना गर्ने निर्णय गरियो ।